# Capacity Building Training

## Center Mobilizer

## Bhadra 06, 2076 Regional Office, Bhairahawa




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रिय कार्यालय भैरहवाको आयोजनामा मिति २०७६ साल भाद्र ०६ गते भैरहवा स्थित पिस नाईट पार्टी प्यालेसमा "Capacity Bulding Training of Center Mobilizer" सम्पन्न गरिएको छ ।

उक्त तालिममा केन्द्रिय कार्यालयबाट तालिम बिभाग प्रमुख श्री लक्ष्मी पति काफ्ले, मानव शंसाधन बिभागका ब्यवस्थापक श्री जग्य प्रसाद पन्त तथा क्षेत्रिय कार्यालय भैरहवाका क्षेत्रिय प्रवन्धक र कार्यक्रम अधिकृतहरुको उपस्थितीमा भैरहवा क्षेत्रिय कार्यालय अन्तर्गतका केन्द्र परिचालक कर्मचारीहरुको सहभागिता रहेको थियो । तालिममा बिभिन्न १९ वटा शाखा कार्यालयका २६ जना केन्द्र परिचालकहरुको उपस्थिती रहेको थियो ।

उक्त तालिम कार्यक्रममा केन्द्र बैठक संचालनमा केन्द्र परिचालकको भुमिका र सदस्य तथा ऋणी बृद्धी गर्ने तरिका बारेमा कार्यक्रम अधिकृत श्री प्रेम प्रसाद सुबेदीले कक्षा संचालन गर्नुभएको थियो भने अर्का कार्यक्रम अधिकृत श्री पुर्ण बहादुर खड्काले सहभागीहरुलाई परियोजना विष्लेषण तथा कर्जा सदुपयोगिता बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

क्षेत्रिय कार्यालयका क्षेत्रिय प्रवन्धक श्री शम्भु न्यौपानेले गत बर्षको केन्द्र परिचालकहरुको कार्यसम्पादन बारेमा प्रस्तुती दिंदै गत बर्ष राम्रो कार्यसंपादन गर्ने केन्द्र परिचालकहरु सरिता

कूमारी थारु, सोनी थारु र लक्ष्मी न्यौपानेलाई हौशला स्वरुप मायाको चिनो प्रदान गर्नू भएको थियो ।




केन्द्रिय कार्यालयका ब्यवस्थापक श्री जग्य प्रसाद पन्तले सहभागीलाई अबको युग भनेको प्रबिधिको युग भएकाले केन्द्रको कारोवार TABLET को माध्यमबाट गर्दा हिसाब किताबमा शुद्धता आउने, कार्य सम्पादन छिटो छरितो हुने बारेमा आफ्नो प्रस्तुती दिनुभएको थियो ।

केन्द्रिय कार्यालय तालिम बिभागका प्रमुख श्री लक्ष्मीपति काफ्ले ज्युले निर्धन उत्थान को परिचय दिंदै २०४९ साल चैत्र १ गते १० जना ग्राहकबाट बिधिबत कर्जा लगानी गरेको संस्थाले २०७६ असार मसान्त सम्ममा ३,५५,९४७ जना सदस्य समूहमा आवद्ध गराई आफ्नो वित्तीय तथा गैरवित्तीय सेवाहरु प्रवाह गरिरहेको जानकारी गराउनु भयो । हाल निर्धन उत्थान लघुवित्तको रु. १९ अर्ब ६४ करोड लगानीमा रहेको, रु. ११ अर्ब ५ करोड ग्राहकहरुको बचत तथा निक्षेप संस्थामा रहेको र नपुग लगानीको स्रोत बिभिन्न बैंक तथा वित्तीय संस्थाबाट कर्जा सापटी दिई ग्राहककहरुको आवश्यकता पूरा गर्दै आएको बताउनु भयो । पछिल्लो समयमा लघुबित्त क्षेत्रमा तिब्र प्रतिस्पर्धा रहेको एकै ग्राहकले ढांटेर धेरै संस्थाबाट कर्जा कारोवार गर्ने गरेकाले कर्जा जोखिमको मात्रा बढ्दो भएकाले कर्जा जोखिम बढ्न नदिन सबै कर्मचारीले आफ्नो ग्राहकसदस्यको शुक्ष्म निगरानी गर्दै प्रभावकारी कर्जा बिश्लेषण गर्नू पर्ने बताउनु भयो ।

सहभागिका तर्फबाट केन्द्र परिचालकहरु लक्ष्मी न्यौपाने, गंगा कुमारी थापा तथा लक्ष्मण गुप्ताले यस किसिमको तालिममा आफूहरुले धेरै कुराहरु सिक्ने मौका पाएको बताउंदै आगामी दिनमा थप तालिमहरुको आयोजना भएमा कार्यसम्पादनमा सुधार भई लक्ष्य उन्मुख भई कार्य गर्न प्रेरणा मिल्ने बताउनुभयो ।